# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २२ गते २०३८ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

**सूचना**

**प्रहरी पहरा गण गठन नियमावली, २०३८**

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "प्रहरी पहरा गण गठन नियमावली, २०३८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "प्रहरी पहरा गण" भन्नाले नियम ३ अन्तर्गत गठित प्रहरी पहरा गण सम्झनुपर्छ ।

(ख) "प्रहरी पहरा गणका कर्मचारी" भन्नाले यस नियमावली अन्तर्गत प्रहरी पहरा गणको पदमा नियुक्ति वा सरुवा भएको व्यक्ति सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. प्रहरी पहरा गणको गठन र कार्यक्षेत्रः (१) श्री ५ को सरकारले तोकेको क्षेत्रमा प्रहरी सेवा अन्तर्गत प्रहरी पहरा गण गठन हुनेछ ।

(२) प्रहरी पहरा गण अन्तर्गत आवश्यकतानुसार गुल्म, सेनामुख, पति तथा यूनिट रहन सक्नेछ र त्यसको कार्यक्षेत्र प्रहरी प्रधान कार्यालयले तोकेबमोजिम हुनेछ ।

४. प्रहरी पहरा गणको काम कर्तव्य : प्रहरी पहरा गणको काम कर्तव्य देहायबमोजिम हुनेछन्ः–

(क) श्री ५ को सरकारले तोकेको विशिष्ट व्यक्ति र सुरक्षाको निमित्त गारद पाउने अधिकार प्राप्त अधिकारीको सुरक्षा गर्न,

(ख) राष्ट्रिय महत्त्वपूर्णका कुनै चीज वा वस्तु रहेको स्थान, संरक्षण गर्नु पर्ने सार्वजनिक स्थान तथा कारागारको सुरक्षा गर्न,

(ग) प्रहरी प्रधान कार्यालयले तोकेको अन्य काम गर्न ।

५. कार्यालयको स्थापना र कार्यालय प्रमुखः देहायका कार्यालयहरूमा देहायका कार्यालय प्रमुख रहनेछन् ।

| | |
|---|---|
| (क) प्रहरी पहरा गण– | प्रहरी नायब उपरीक्षक |
| (ख) प्रहरी पहरा गुल्म– | प्रहरी निरीक्षक |
| (ग) प्रहरी पहरा सेनामुख– | प्रहरी नायब निरीक्षक |
| (घ) प्रहरी पहरा पति– | प्रहरी सहायक निरीक्षक |
| (ङ) प्रहरी पहरा यूनिट– | प्रहरी हवल्दार । |

६. मातहत रहने : जिल्लाभित्रका प्रहरी पहरा कार्यालयहरू सम्बन्धित जिल्ला प्रहरी कार्यालयको, अञ्चलभित्रका प्रहरी पहरा कार्यालयहरू सम्बन्धित अञ्चल प्रहरी कार्यालयको र क्षेत्रभित्र रहेका प्रहरी पहरा कार्यालयहरू सम्बन्धित क्षेत्रीय प्रहरी कार्यालयको मातहतमा रहनेछन् ।

७. रिक्त पदको पूर्ति : प्रहरी पहरा गणको रिक्त पदको पूर्ति देहायबमोजिम गरिने छः–

(क) प्रहरी वा सशस्त्र प्रहरी कर्मचारीलाई समानस्तरको पदबाट सरूवाद्वारा,

(ख) अवकाश प्राप्त गरिसकेका योग्य प्रहरी कर्मचारीलाई नियम ८ को अधीनमा रही अवकाश प्राप्त गर्दाको समान पदमा नयाँ नियुक्ति द्वारा, वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अवकाश प्राप्त गरिसकेका योग्य भूतपूर्व सैनिकलाई नियम ८ को अधीनमा रही अवकाश प्राप्त गर्दाको समान स्तरको पदमा नयाँ नियुक्तिद्वारा ।

८. नयाँ नियुक्ति हुन उमेरको हदः– देहायका प्रहरी पहरा गणका पदमा नयाँ नियुक्ति हुन देहायको उमेर ननाघेको हुनु पर्नेछः–

(क) प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक – ५८ वर्ष

(ख) प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक – ५६ वर्ष

(ग) प्रहरी हवल्दार र प्रहरी जवान – ५० वर्ष ।

९. छनौट समिति : (१) नयाँ नियुक्तिको निमित्त योग्य उम्मेदवारहरू सिफारिश गर्न प्रहरी प्रधान कार्यालयले तोकेबमोजिमको एक छनौट समिति गठन हुनेछ ।

(२) छनौट समितिले उम्मेदवारहरूको योग्यताको जाँचबुझ गरी नियुक्तिको निमित्त नियुक्त गर्ने अधिकारीसमक्ष सिफारिश गर्नेछ ।

१०. नियुक्ति गर्ने अधिकारी : छनौट समितिको सिफारिशको आधारमा प्रहरी पहरा गणको रिक्त पदमा नियुक्ति गर्ने अधिकारी प्रचलित प्रहरी नियमावली बमोजिमकै अधिकारी हुनेछ ।

११. सरूवा र बढुवा सम्बन्धी व्यवस्था : (१) प्रहरी वा सशस्त्र प्रहरीबाट सरुवा भई आएका कर्मचारी बाहेक प्रहरी पहरा गणका अन्य कर्मचारीहरूलाई प्रहरी वा सशस्त्र प्रहरीमा सरूवा वा बढुवा गरिने छैन ।

(२) प्रहरी पहरा गणको कर्मचारीको बढुवा प्रचलित प्रहरी नियमावली बमोजिम हुनेछ ।

१२. तलब, भत्ता, रासन र सञ्चयकोषको सुविधा : प्रहरी पहरा गणका कर्मचारीले पाउने तलब, भत्ता, रासन र सञ्चयकोषको सुविधा प्रचलित प्रहरी नियमावली बमोजिम अरू प्रहरी कर्मचारीले पाए सरहको हुनेछन् ।

१३. उमेरको हद : देहायका प्रहरी पहरा गणको पदबाट अवकाश पाउने उमेरको हद देहायबमोजिम हुनेछः–

(क) प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक – ६० वर्ष

(ख) प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक – ५८ वर्ष

(ग) प्रहरी हवल्दार र प्रहरी जवान – ५४ वर्ष ।

१४. निवृत्तभरण वा उपदानः प्रहरी पहरा गणका कर्मचारीले प्रचलित प्रहरी नियमावली बमोजिम निवृत्तभरण वा उपदान पाउनेछ ।

१५. तालीमः प्रहरी प्रधान कार्यालयबाट निर्धारण गरेबमोजिमको सेवाकालीन तालीमहरूमा प्रहरी पहरा गणका कर्मचारीले भाग लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. प्रारम्भिक पोशाक : प्रहरी पहरा गणको कर्मचारीले प्रारम्भिक पोशाक प्रहरी प्रधान कार्यालयले तोकेबमोजिम पाउनेछ ।

तर प्रहरी वा सशस्त्र प्रहरीबाट प्रहरी पहरा गणको पदमा सरुवा भए वापत निजले अर्को प्रारम्भिक पोशाक पाउने छैन ।

१७. काजमा खटाउन सक्ने : प्रहरी वा सशस्त्र प्रहरीका प्रहरी जवानदेखि प्रहरी नायब उपरीक्षकसम्मको कर्मचारीलाई प्रहरी पहरा गणको पदमा प्रचलित प्रहरी नियमावलीबमोजिम अधिकार प्राप्त अधिकारीले काजमा खटाउन सक्नेछ ।

१८. बिदा: प्रहरी पहरा गणका कर्मचारीले प्रचलित प्रहरी नियमावलीबमोजिम बिदा पाउनेछ ।

१९. बचाउ : यस नियमावलीमा लेखिए जति कुरामा यसै नियमावलीबमोजिम र अरूमा प्रचलित प्रहरी नियमावलीबमोजिम हुनेछ ।

आज्ञाले-

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।